**बोलपत्र आह्वानको सूचना**

नेपाल सरकार

अर्थ मन्त्रालय

कार्यालय सरसफाई सेवा खरिदका लागि बोलपत्र आव्हान

(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७९।०६।११

**ठेक्का नं. MOF/S/02/079-80**

१. नेपाल सरकार, अर्थ मन्त्रालय योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रकिया अन्तर्गत आर्थिक वर्ष २०७९/०८० को लागि कार्यालय सरसफाई सेवा खरिद गर्न यो बोलपत्र आह्वान गर्दछ।

२. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु अर्थ मन्त्रालय,स्टोर शाखा, सिंहदरवारबाट सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन्। यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,आ.व.२०७७।०७८ को कर चुक्ता प्रमाण पत्र र बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर रु. ३०००। (तीन हजार मात्र)(फिर्ता नहुने गरी) यस मन्त्रालयको राष्ट्रिय बाणिज्य बैंक लि सिंहदरबार स्थित राजस्व खाता नं १०००१००२०००१०००० कार्यालय कोड नं ३०५००३५०१ राजस्व शीर्षक नं १४२२९ मा रकम दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ।

३. शिलबन्दी गरिएको बोलपत्र अर्थ मन्त्रालय, सिंहदरवारमा प्रथम पटक सूचना प्रकासित भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र बुझाउनु पर्नेछ। ढिलो गरी प्राप्त र रीत नपुगेको बोलपत्र स्विकार गरिनेछैन।

४. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस मन्त्रालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
अर्थ मन्त्रालय,,
स्टोर शाखा, टेलिफोन नं. ०१ ४२११३६१ / website www.mof.gov.np मा पनि हेर्न सकिनेछ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा अर्थ मन्त्रालय, सिंहदरवारमा प्रथम पटक सूचना प्रकासित भएको मितिले ३१औं दिनको २.०० बजे खोलिनेछ। बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० (नव्बे) दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ। बोलपत्रको साथ रु. ६९,०००। उनन्सत्तरी हजार मात्र) बोलपत्र जमानत बापत को.ले.नि.का. भुक्तानी केन्द्र ४ सिंहदरवारको धरौटी खाता नम्वर १९६०१००१०२०३०००० कार्यालय कोड नम्वर ३०५००३५०१ मा जम्मा गरेको सक्कल भौचर(दोश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट अर्थ मन्त्रालयको नाउँमा जारी भएको विड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ।

७. बोलपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,आ.ब. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र, सरकारी निकाय वा संस्थाहरुमा विगत ३ (तिन) बर्ष सरसफाई सेवा प्रदान गरेको कार्य अनुभव प्रमाण र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले बोलपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सेवा यस मन्त्रालयको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ।

९. बोलपत्रदाताले SOR ( Specification of Requirements) मा उल्लेखित सम्पूर्ण सेवाहरुका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ, आंशिक रुपमा उल्लेखित कबोल रकमलाई स्वीकार गरिने छैन।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ।

११. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका बिषयहरु प्रचलित कानून तथा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

शाखा अधिकृत